# स्थानीय राजपत्र

## गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः १०) गोकर्णेश्वर, असार २८ गते, २०८३ साल संख्याः ३


## भाग १

## गोकर्णेश्वर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय,**

**वागमती प्रदेश, नेपाल ।**

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# ,गोकर्णेश्वर नगरपालिकाको आर्थिक ऐन, २०८३

**सम्वत् २०८३ सालको ऐन नं. २**


मूल्य रु : ५०/-

# गोकर्णेश्वर नगरपालिकाको आर्थिक ऐन, २०८३/०८४

**प्रस्तावना :**

गोकर्णेश्वर नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को लागि अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा २३० र अनुसूची ८ र ९ बमोजिम यस गोकर्णेश्वर नगरपालिकाको आर्थिक ऐन २०८३ लागू गर्न वाञ्छनिय भएकोले, नेपालको संबिधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी गाकर्णेश्वर नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "गोकर्णेश्वर नगरपालिका आर्थिक ऐन, २०८३" रहने छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र लागू हुनेछ।

२) **मालपोत तथा भूमिकर :**

गोकर्णेश्वर नगरपाकि भित्र रहेका व्यक्ति तथा संस्थाको नाममा दर्ता भई जग्गा धनी प्रमाण पुर्जा भएका सवै जग्गाहरूमा जग्गाको वर्ग (प्रकार अनुसार र सम्पत्ति कर भित्र परेका जग्गाहरू बाहेकका सवै जग्गाहरूमा अनुसूची–१ बमोजिम मालपोत तथा भूमीकर अशुल उपर गरिनेछ। आ.ब. २०८३/०८४ को लागि प्रथम त्रैमासिक भित्र बार्षिक रुपमा एक्मुष्ट वुझाउन आएमा मालपोत तथा भूमीकरको जम्मा रकमको १०% का दरले छुट दिईनेछ। बक्यौता रकममा १५% जरिवाना लाग्नेछ।

३) **सम्पत्ति कर :**

गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र व्यक्ति तथा संस्थाको नाममा दर्ता रहेका र दर्ता हुन बाँकी रहेका जग्गाहरूमा निर्माण भएका घर, भवन वा संरचना र निर्मित घर, भवन वा संरचनाको जग्गामा अनुसूची–२ बमोजिम सम्पत्ति कर लगाई अशुल उपर गरिनेछ। आ.ब. २०८३/०८४ को लागि प्रथम त्रैमासिक भित्र बार्षिक रुपमा एकमुष्ट वुझाउन सम्पत्ति करको जम्मा रकमको १०% का दरले छुट दिईनेछ। बक्यौता रकममा १५% जरिवाना लाग्नेछ। आ.व. २०८२।०८३ को सम्पत्ति कर अशुल गर्दा सम्पन्न पत्रका आधारमा तथ्याङ्क update गर्ने व्यवस्था मिलाईने छ।

४) **घर जग्गा बहाल कर :**

गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, छप्पर, सेड, जग्गा, पोखरी र पार्क पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिइएकोमा अनुसूची–३ बमोजिम बहाल अंकको १०% का दरले हुन आउने रकम बहाल कर लगाई अशुल उपर गरिनेछ। माथि बहाल अंकको १०% का दरले लेखिएतापनि शैक्षिक र कृषि प्रयोजनको लागि ५% को दरले हुन आउने रकममा बहाल कर लगाई अशुल उपर गरिनेछ। आ.ब. २०८३/०८४ को लागि प्रथम त्रैमासिक भित्र बार्षिक रुपमा एक्मुष्ट वुझाउन आएमा घर जग्गा बहाल करको जम्मा रकमको १०% का दरले रकम छुट दिईनेछ। अघिल्ला वर्षहरूमा दिइएको कुनै पनि छुट दिइने छैन। बक्यौता रकममा १५% जरिवाना लाग्नेछ। वहाल करमा आवासिय व्यवसायीक शैक्षिक र कृषि प्रयोजनको लागि छुट्टा छुट्टै दरमा गरणा गरि गरिनेछ।

५) **व्यवसाय कर :**

गोकर्णेश्वर नगरपालिकामा वा सम्बन्धित निकायमा दर्ता भई वा ईजाजत प्राप्त गरी गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा, बैंक तथा वित्तिय संस्था र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा संस्थालाई उद्योग वा व्यापार व्यवसायको प्रकृति, कारोबार, स्थान विषेश र लगानीका आधारमा अनुसूची–४ बमोजिमको दरमा व्यवसाय कर अशुल उपर गरिनेछ। यस्ता व्यवसायहरूमा अघिल्ला वर्षहरूमा दिईएका कोभिड तथा अन्य नामका सबै खाले छुटहरू दिईने छैन। आ.ब. २०८३/०८४ को लागि प्रथम त्रैमासिक भित्र बार्षिक रुपमा एकमुष्ट वुझाउन आएमा व्यवसाय करको जम्मा रकमको १०% का दरले छुट दिईनेछ। अघिल्ला वर्षहरूमा दिइएको कुनै पनि छुट दिइने छैन। बक्यौता रकममा १५% जरिवाना लाग्नेछ।

नोटः व्यवसायिक भन्नाले आय आर्जन गर्ने, मुनाफा कमाउने प्रयोजन भाडामा लगाउने, लिजमा दिने, कामदार तथा मेसिन राखी व्यवसाय सञ्चालन गर्ने किर्याकलापलाई जनाउनेछ।

६) **जडिबुटी, कवाडी र जीवजन्तु कर :**
गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी मालसामान र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता वस्तुहरूको व्यवसायीक कारोबार गरेबापत अनुसूची–५ बमोजिम कर लागाई अशुल उपर गरिनेछ।

७) **सवारी साधन कर :**
गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र ठेगाना राखी दर्ता भएका सवारी साधनहरूमा अनुसूची–६ बमोजिम सवारी साधन कर लगाई अशुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८) **विज्ञापन कर :**
गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र हुने/ गरिने विज्ञापनमा अनुसूची–७ बमोजिम विज्ञापन कर लागाई अशुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९) **मनोरञ्जन कर :**
गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र शुल्क लिएर गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा अनुसूची–८ बमोजिम मनोरञ्जन कर लगाई अशुल उपर गरिनेछ।

१०) **बहाल विटौरी शुल्क :**
गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचलान गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची–९ बमोजिम बहाल विटौरी शुल्क लगाई अशुल उपर गरिनेछ।

११) **सवारी साधन पार्किङ शुल्क :**
गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची–१० बमोजिम सवारी साधन पार्किङ शुल्क लगाई अशुल उपर गरिनेछ।

१२) **पर्यटन शुल्क :**
गोकर्णेश्वर नगरपालिका आफैले निर्माण गरेका पार्क संग्राहलय लगायतका अन्य तोकेका स्थानहरूमा पर्यटक प्रवेश गर्दा अनुसूची–११ बमोजिम पर्यटन शुल्क लगाई अशुल उपर गरिनेछ र नगरपालिका क्षेत्रमा पर्यटक प्रबेश गरेकै भरमा शूल्क लगाइने छैन। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१३) **ट्रेकिङ, कायोकिड, क्यानोइङ, बन्जीजम्प, जिपफ्लायर, प्यारा ग्लाइडिङ र न्याफ्टीङ शुल्क :**
गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र ट्रेकिङ, कायोकिड, क्यानोइङ, बन्जीजम्प, जिपफ्लायर, रक क्लाम्बीङ र न्याफ्टीङ सेवा वा व्यवसाय संचालन गरे बापत अनुसूची–१२ बमोजिम शुल्क लगाई अशुल उपर गरिनेछ।

१४) **सेवा, शुल्क, दस्तुर :**
गोकर्णेश्वर नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेकोमा उल्लेखित स्थानीय पूर्वाधार र नगरकार्यपालिका कार्यालय एवं वडा कार्यालयबाट उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची–१३ बमोजिम सेवा शुल्क दस्तुर लगाई अशुल उपर गरिनेछ।

१५) **घरजग्गा रजिष्ट्रेशन शुल्कः**
१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ।
२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ।
३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेका कार्यालय मार्फत उठाईनेछ।

१६) **वडा कार्यालयहरूबाट हुने तपसिलका सिफारिस तथा लिखत प्रमाणिकरणमा शुल्क लाग्ने छैन**

**तपशिल**

(क) आर्थिक सहायता सम्बन्धी सिफारिसहरू

(ख) वडा कार्यालयबाट नगरपालिकामा पठाएका सम्पूर्ण सिफारिस तथा पत्रहरू

(ग) कृषि सम्बन्धि सिफारिसहरू

(घ) योजना उपभोक्ता समिति, टोलसुधार समितिहरू तथा यस्तै अन्य समाज तथा समितिका नाममा दिइने सबै खाले सिफारिसहरू

(ङ) स्वास्थ्य उपचार सम्बन्धि सिफारिसहरू

(च) ३५ दिन भित्र दर्ता हुन आउने व्यक्तिगत घटना दर्ता सम्बन्धि सबै दर्ताहरू

(छ) नयाँ नागरिकता तथा प्रतिलिपी सम्बन्धि सिफारिस

(ज) अनाथअपाङ्ग, असहायलाई दिइने साधारण सिफारिसहरू

(झ) गरिब तथा जेहेन्दार बिद्यार्थी छात्रवृत्ति सम्बन्धि सिफारीस

(ञ) विपन्न परिवार तथा विपद सम्बन्धि सिफारिसहरू

(ट) सामाजिक सुरक्षा प्रयोजनको लागि गरिने सबै किसिमका सिफारिसहरू

(ठ) नागरिकता प्रमाण पत्रको सिफारिस र नागरिकता प्रमाण पत्रको प्रतिलिपि

१७) **वडा कार्यालयहरूबाट हुने तपसिलका सिफारिस तथा लिखत प्रमाणिकरणमा शुल्क लाग्ने छ ।**

(क) नाता प्रमाणित,

(ख) बहालकरको लेखाजोखा सिफारिस,

(ग) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्दा,

(घ) मोहि लगतकट्टाको सिफारिस,

(ङ) घर जग्गा करको लेखाजोखा सिफारिस,

(च) जन्म मिति प्रमाणित,

(छ) व्यापार व्यवसाय बन्द भएको, संचालन भएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिस,

(च) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित,

(छ) वडाबाट जारि हुने सिफारिस तथा अन्य कागजलाई अंग्रजी भाषामा समेत सिफारिस तथा प्रमाणित,

(ज) घर पाताल प्रमाणित,

(झ) व्यक्तिगत विवरण प्रमाणित,

(ञ) जग्गाधनि दर्ता प्रमाणपुर्जामा घर कायम गर्ने सिफारिस,

(ट) कुनै व्यक्तिको नाम, थर तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस,

(ठ) नाम थर जन्ममिति संशोधनको सिफारिस,

(ड) जग्गा धनि दर्ता प्रमाणपुर्जा हराएको सिफारिस,

(ढ) कित्ताकाट गर्न सिफारिस,

(ण) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस,

(त) जिवितसंगको नाता प्रमाणित,

(थ) मृतकसंगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस,

(द) जिवित रहेको सिफारिस,

(ध) हकवाला वा हकदार प्रमाणित,

(न) नामसारी गर्न सिफारिस,

(प) जग्गाको हक सम्बन्धमा सिफरिस,

(फ) उद्योग/व्यवसाय ठांउसारी गर्न सिफारिस,
(ब) आधारभूत बिद्यालय खोल्न सिफारिस,
(भ) जग्गा मूल्यांकन सिफारिस,
(म) संस्थागत विद्यालयको कक्षा थप गर्न सिफारिस,
(य) वैवाहिक अंगिकृत नागरिकता सिफारिस,
(र) आर्थिक अवस्था सम्पन्न सिफारिस,
(ल) संस्थागत विद्यालय ठाँउसारी सिफारिस,
(व) धारा तथा विद्युत जडानको लागि सिफारिस,
(श) जातिय पहिचान र जातिय सिफारिस,
(ष) प्रचलित कानुन अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित
(स) बसोबास सिफारिस,

१८) **निकासी करः**
गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र बालुवा र माटो लिई गुड्ने सवारी साधनलाई अनुसूची–१४ बमोजिम निकासी कर लगाई अशुल उपर गरिनेछ।

१९) **सार्वजनिक सुविधा उपयोग सेवा शुल्कः**
नगरपालिकाबाट व्यवस्था भएको विभिन्न सार्वजनिक सुविधाहरू उपयोग गरे बापत सार्वजनिक सुविधा उपयोग सेवा शुल्क अनुसूची–१५ बमोजिम लगाई अशुल उपर गरिनेछ।

२०) **जरिवाना :**
गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र निषेध गरिएका सार्वजनिक जग्गा, सडक तथा फुटपाथ, सवारी साधन पार्किङ वा व्यापार व्यवसायी, निर्माण सामाग्री, फोहोर मैला गर्ने, चौपाया गाईवस्तु छाडा छोड्ने तथा प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची–१६ बमोजिम जरिवाना लगाई अशुल उपर गरिनेछ। साथै नगरपालिकाले कार्यपालिका बैठकबाट निर्णय गरी समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्नेछ।

२१) **कर, शुल्क छुट :**
(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै किसिमको कर छुट दिइने छैन। तर नगरसभाले निर्णय गरी तोकिएको निश्चित प्रथम त्रैमासिक अवधीमा एकिकृत सम्पत्ति कर, बहाल कर र व्यवसाय कर/शुल्क तिर्नेलाई प्रोत्साहन स्वरुप निश्चित छुट दिन सकिनेछ र यस्तो छुट बढीमा १० (दश) प्रतिशतसम्म मात्र हुने छ (चालु आ.व.को प्रथम त्रैमासिक अवधीका लागि एकिकृत सम्पत्ति कर, बहाल कर र व्यवासय करमा १० प्रतिशत छुट दिइनेछ। )। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

२२) **कर तथा शुल्क संकलन कार्यविधिः**
यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐन तथा प्रदेशको ऐनसंग नबाझिने गरी नगर कार्यपालिकाले स्वीकृत गरेको कार्यबिधिले तोके बमोजिम हुनेछ।

२३) **नियम वा कार्यविधि बनाउन सक्नेः**
गोकर्णेश्वर नगरपालिकाले यस ऐनमा भएका व्यवस्थाहरूलाई कार्यान्वय गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

२४) **यसै ऐन बमोजिम भएको मानिनेः**
यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

२५) **साविक बमोजिम हुनेः**
यस ऐनमा उल्लेखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुनेछ।

२६) **अन्य व्यवस्था :**

१) नगरसभा र नगरकार्यपालिकावाट स्वीकृत भई जारी भएका कानूनमा उल्लेखीत राजस्वका शिर्षक र दररेट सोही बमोजिम लागू हुनेछ।

२) यस नगरपालिका मातहतका ईकाइहरूसँग सम्वन्धित समिति तथा नगरसभाको निर्णयले तोकिएका राजस्वका दरहरू सोही वमोजिम हुनेछ।

३) गोकर्णेश्वर नगरपालिकाका विषयगत शाखा, वडा तथा न.पा. का अन्य कार्यालयहरू बाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शूल्क, दस्तुर तथा जरिवानालाई सेवासंग आवद्ध गरी अनिवार्य अशुल गरी सेवा प्रवाह गर्नु पर्नेछ। तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिवद्धता लिई सेवा प्रवाह गर्न भने यो ब्यवस्थाले बाधा पुगेको मानिने छैन

४) गोकर्णेश्वर नगरपालिकाबाट जारी राजपत्रहरूमा तोकिएका दररेटहरू सोहि अनुसार लिईनेछ।

५) विशेष परिस्थितीमा कर र करका दरहरू थपघट तथा छुट गर्नुपर्ने भएमा नगरसभा वैठकको निर्णयानुसार हुनेछ।

६) शिक्षा सम्बन्धि व्यवसाय, स्वास्थ्य सम्बन्धि व्यवसाय, ठुला प्रकृतिका भ्याटमा दर्ता भएका व्यवसाय र तीनिहरुसँग सम्बन्धित कर असूली सम्बन्धी कार्यहरु(अनुमती, दर्ता, नविकरण) नगरपालिकाले गरि लगत कायम गर्ने छ।

अनुसूची (१)

दफा (२)सँग सम्बन्धित

# मालपोत तथा भूमिकर

**मालपोत तथा भुमिकर दररेट :**

| क्र.स. | जग्गाको वर्ग | जग्गाको विवरण | प्रति रोपनी दररेट | कैफियत |
|---|---|---|---|---|
| १. | “क” | बौद्ध सिमादेखि दक्षिण ढोका र जोरपाटी चोकदेखि भगवती स्थानसम्मको मुल सडकसंग जोडिएका जग्गाहरू | ८०० | |
| २. | “ख” | भगवती स्थानदेखि सुन्दरी जल बस पार्कसम्मको सडकसंग जोडिएका जग्गाहरू र उप मुल सडकसँग जोडिएका जग्गाहरू (बागमती करिडोर र आरुवारी सडक) | ५१२ | |
| ३. | “ग” | वडा नं. ५ देखि ९ सम्मका अन्य जग्गाहरू | ३८४ | |
| ४. | “घ” | वडा नं. १, २, ३ र ४का अन्य जग्गाहरू | २५६ | |
| ५. | “ङ” | वडा नं. ३ को तारेभिर क्षेत्र (साविक वालुवा गा.वि.स. वडा नं. ३, ४ र ५), वडा नं. २ (साविक नयाँपाटी गा.वि.स. वडा नं. ८ र ९ वडाहरू) र वडा नं. १ को मुलखर्क कुने क्षेत्र (साविक सुन्दरीजल गा.वि.स. को १ देखि ६ वडाहरू) | १२८ | |
| ६. | **मालपोत तथा भूमिकर बक्यौता रकममा थप १५% जरिवाना समेत लाग्नेछ।** | | | |

अनुसूची (२)

दफा (३)सँग सम्बन्धित

# सम्पत्ति कर दररेट

गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र व्यक्ति तथा संस्थाको नाममा दर्ता रहेका र दर्ता हुन बाँकी रहेका जग्गाहरूमा निर्माण भएका घर, भवन वा संरचना र निर्मित घर, भवन वा संरचनाको जग्गामा सम्पत्ति कर लाग्नेछ। सम्पत्ति करका लागि घर र जग्गाको मूल्यांकन र लाग्ने करको हर हिसाब प्रकृया देहाय बमोजिम गरी सम्पत्ति कर निर्धारण र संकलन गरिनेछ।

**सम्पत्ति कर दररेट :**

**क) घरको मूल्याङ्कन दर**

| क्र.स. | घरको बनौट | मूल्याङ्कन प्रति वर्गफुट | ह्रासकट्टी दर प्रतिशत | कट्टी हुने वर्ष |
|---|---|---|---|---|
| १. | भित्र काँचो बाहिर पाको ईटामा माटोको जोडाई भएको वा काठैकाठबाट बनेको र जस्ता, झिंगटी टायल वा एसवेस्टसको छाना भएको घर | रु. ५००।– | ३.०० | २५ |
| २. | भित्र बाहिर पाको ईट वा ढुङ्गामा माटोको जोडाइ भई बाहिर सिमेन्ट प्लास्टर गरी ढलान गरिएको, जस्ता वा एसवेस्टसको छाना भएको घर | रु. ७००।– | २.०० | ३० |
| ३. | भित्र बाहिर पाको ईट वा ढुङ्गामा सिमेन्टको जोडाई गरी प्लास्टर गरिएको छाना ढलान गरिएको घर (वाल सिस्टम) | रु. १, ०००।– | १.०० | ७० |
| ४. | व्यवसायिक टहरो, स्टील फ्रेमस्ट्रक्चर, फ्रविङ्ट्रस फाईवर वा यस्तै घर संरचना | रु. १, ५००।– | ०.७५ | १०० |
| ५. | आर.सि.सि.फ्रेम स्ट्रक्चर, लिफ्ट एस्कलेटर जडान भएको घर | रु. १, ८००।– | ०.७५ | १०० |
| ६. | व्यवसायिक भवन, हाउजिङ्ग र अपार्टमेन्टको लागि | रु. २५००।– | ०.७५ | १०० |

स्पष्टीकरणः

१) व्यवसायीक भवन भन्नाले भवनको अलवा कुनै तल्ला व्यापारी प्रयोजन वा आय आर्जन वा भाडा दिने उद्देश्यका भवनहरु, पसलहरु, भण्डारण, गोदामहरु, पक्की भवन वा टहरोमा (फुट्सल, बैंक, वित्तीय संस्था, कर्पोरेट कार्यालय, संस्थागत विद्यालय, मार्ट, कम्प्लेक्स्, सपिङ मल, डिपार्टमेन्टल स्टोर, थोक तथा खुद्रा व्यापार, व्यापारिक केन्द्र, होटल, पार्टिप्यालेस, रिसोर्ट, लज, मोटेल, रेस्टुरेन्ट, क्याफे, सिनेमा हल निजी अस्पताल, पोलिक्लिनिक र क्लिनिकहरू आदिलाई) संचालनको लागि स्वीकृति लिई बनेको संरचना सम्झनुपर्छ। भवनहरुको नक्सा पास गर्दा गोकर्णेश्वर नगरपालिकाको भवन निर्माण संहिता कार्यान्वयन तथा नक्सापास मापदण्ड, २०७६ बमोजिम भवनको प्रकृति अनुसारको प्रयोजन अनिवार्य खुल्याउनु पर्नेछ।

२) व्यवसायी टहरा भन्नाले दुइ भन्दा बढि सटर भएको तथा एक हजार वर्गफुट भन्दा माथिका व्यापारी प्रयोजन वा आय आर्जन वा भाडा दिने उद्देश्यका टहरोका पसलहरु, भण्डारण, गोदामहरु आदि संचालनको लागि स्वीकृति लिई बनेको संरचना सम्झनुपर्छ।

**ख) जग्गाको मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।**

**जग्गाको मूल्याङ्कन :**

| क्र. स. | | जग्गाको विवरण | जग्गाको किसिम | प्रति रोपनी दर | प्रति आना दर | प्रति वर्ग मिटर दर | प्रति वर्गफिट दर |
|---|---|---|---|---|---|---|---|
| **१.** | १. | मूल सडकसँग जोडिएका जग्गाहरू | वडा नं. २ क्षेत्रबाट वडा नं. १ सिमादेखि सुन्दरीजल बस पार्कसम्म | | १३, ००, ०००।– | | |
| | २. | सहायक पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ८, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ७, ००, ०००।– | | |
| | ३. | भित्री पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ७, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ६, ००, ०००।– | | |
| | ४. | कच्ची मोटरबाटोसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ६, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ५, ००, ०००।– | | |
| | ५. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरू | – | | ३, ००, ०००।– | | |
| | ६. | बाटो नभएका जग्गाहरू | – | | २, ००, ०००।– | | |
| | ७. | निकुञ्ज क्षेत्र साविक सुन्दरीजल १ देखि ६ वडाहरू | मोटरबाटो | | ३, ००, ०००।– | | |
| | | | गोरेटो बाटो | | १, ००, ०००।– | | |
| | | | बाटो नभएको | | ५०, ०००।– | | |
| **२.** | १. | मूल सडकसँग जोडिएका जग्गाहरू | वडा नं. ४ को सिमा कोलमती खोला देखि भूमिस्थलीबाट सुन्दरीजल सडक वडा नं. १ सिमा सम्म | | १३, ००, ०००।– | | |
| | २. | उप मूल सडकसँग जोडिएका जग्गाहरू | – | | | | |
| | ३. | सहायक पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिट देखि २० फिटसम्म | | ८, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ७, ००, ०००।– | | |
| | ४. | भित्री पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ७, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ६, ००, ०००।– | | |
| | ५. | कच्ची मोटरबाटोसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ६, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ५, ००, ०००।– | | |
| | ६. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरू | | | ४, ००, ०००।– | | |
| | ७. | बाटो नभएका जग्गाहरू | | | २, ००, ०००।– | | |

| वडा नं. | क्र. स. | जग्गाको विवरण | जग्गाको किसिम | प्रति रोपनी दर | प्रति आना दर | प्रति वर्ग मिटर दर | प्रति वर्गफिट दर |
|---|---|---|---|---|---|---|---|
| ३. | १. | ४ नं. वडा गोकर्ण सिमाबाट महाँकाल उकालोदेखि ३ नं. वडा कार्यालय चोक र हनुमान चोकदेखि बस्नेत गाउँ हुँदै पौडेल गाउँसम्मको बाटोमा छुने जग्गाहरू | | | ८, ००, ०००।– | | |
| | २. | डोखाडोल गणेश मन्दिरबाट वडा कार्यालय चोक र महाँकाल वडा कार्यालयबाट ढाडफेदी सम्मको मोटर बाटोसँग जोडिएका जग्गाहरू | | | ६, ००, ०००।– | | |
| | ३. | वडा कार्यालय चोकदेखि खोरिया डाँडा पिप्लेसम्मको मोटर बाटोसँग जोडिएका जग्गाहरू | | | ५, ००, ०००।– | | |
| | ४. | जगडोल भञ्ज्याङ वडा सिमानाबाट डुकाउ फाँटसम्मको बाटोमा जोडिएका जग्गाहरू | | | ४, ००, ०००।– | | |
| | ५. | ढाडफेदीबाट तारेभिरसम्म र खोरीया डाँडाबाट पिप्ले तारेभिरसम्मको मोटर बाटोसँग जोडिएका जग्गाहरू | | | ३, ००, ०००।– | | |
| | ६. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरू | | | २, ००, ०००।– | | |
| | ७. | बाटो नभएका जग्गाहरू | | | १, ००, ०००।– | | |
| | ८. | उल्लेखित १ र २ नं.का बाटोहरू कालो पत्रे भएमा उल्लेखित दरमा रु. २ (दुई) लाख थप हुने र अन्य बाटोहरू कालो पत्र भएमा | | | ६, ००, ०००।– | | |
| ४. | १. | मूल सडकसँग जोडिएका जग्गाहरू | वडा नं. ४ सिमा भगवति स्थानदेखि सुन्दरीजल सडक वडा नं. २ सिमा कालेमती खोलासम्म | | १५, ००, ०००।– | | |
| | २. | उप मूल सडकसँग जोडिएका जग्गाहरू | बागमती करिडोर सडक, माकलबारी | | १६, ००, ०००।– | | |
| | ३. | सहायक पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ८, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ७, ००, ०००।– | | |
| | ४. | भित्री पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ७, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ६, ००, ०००।– | | |
| | ५. | कच्ची मोटरबाटोसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ६, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ५, ००, ०००।– | | |
| | ६. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरू | | | ४, ००, ०००।– | | |
| | ७. | बाटो नभएका जग्गाहरू | | | २, ००, ०००।– | | |

| वडा नं. | क्र. स. | जग्गाको विवरण | जग्गाको किसिम | प्रति रोपनी दर | प्रति आना दर | प्रति वर्ग मिटर दर | प्रति वर्गफिट दर |
|---|---|---|---|---|---|---|---|
| ५. | १. | मूल सडकसँग जोडिएका जग्गाहरू | मूल सडक वडा नं. ६ सिमादेखि जोरपाटी चोक हुँदै वडा नं. ६ सिमा जोरपाटी सुन्दरीजल सडक | | २२, ००, ०००।– | | |
| | | | मूल सडक जोरपाटी ओरालो हुँदै वडा नं. ६ सिमा नारायणटारसम्म | | १८, ००, ०००।– | | |
| | २. | उप मूल सडकसँग जोडिएका जग्गाहरू | बागमती करिडोर सडक | | १६, ००, ०००।– | | |
| | ३. | सहायक पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ११, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ९, ००, ०००।– | | |
| | ४. | भित्री पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ९, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ८, ००, ०००।– | | |
| | ५. | कच्ची मोटरबाटोसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ८, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ७, ००, ०००।– | | |
| | ६. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरू | | | ६, ००, ०००।– | | |
| | ७. | बाटो नभएका जग्गाहरू | | | ५, ००, ०००।– | | |
| ६. | १. | मूल सडकसँग जोडिएका जग्गाहरू | मूल सडक का.म.न.पा. ६ नं. वडा सिमादेखि बराल पेट्रोलपम्प वडा नं. ५ सिमासम्म | | २२, ००, ०००।– | | |
| | | | मूल सडक जोरपाटी सुन्दरीजल सडक वडा नं. ८ सिमासम्म र मूल सडक जोरपाटी ओरालो हुँदै नारायणटारसम्म | | १८, ००, ०००।– | | |
| | २. | उप मूल सडकसँग जोडिएका जग्गाहरू | बागमती करिडोर सडक | | १६, ००, ०००।– | | |
| | ३. | सहायक पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ११, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ९, ००, ०००।– | | |
| | ४. | भित्री पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ९, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ८, ००, ०००।– | | |
| | ५. | कच्ची मोटरबाटोसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ८, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ७, ००, ०००।– | | |
| | ६. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरू | | | ६, ००, ०००।– | | |
| | ७. | बाटो नभएका जग्गाहरू | | | ४, ००, ०००।– | | |

| वडा नं. | क्र. स. | जग्गाको विवरण | जग्गाको किसिम | प्रति रोपनी दर | प्रति आना दर | प्रति वर्ग मिटर दर | प्रति वर्गफिट दर |
|---|---|---|---|---|---|---|---|
| ७. | १. | मूल सडकसँग जोडिएका जग्गाहरू | मूल सडक नारायणटार पुलदेखि कागेश्वरी मनोहरा न.पा. सिमा सम्म | | १८, ००, ०००।– | | |
| | २. | उप मूल सडकसँग जोडिएका जग्गाहरू | बागमती करिडोर सडक | | १६, ००, ०००।– | | |
| | ३. | सहायक पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | १०, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ८, ००, ०००।– | | |
| | ४. | भित्री पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ८, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ७, ००, ०००।– | | |
| | ५. | कच्ची मोटरबाटोसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ७, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ६, ००, ०००।– | | |
| | ६. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरू | | | ५, ००, ०००।– | | |
| | ७. | बाटो नभएका जग्गाहरू | | | ४, ००, ०००।– | | |
| ८. | १. | मूल सडकसँग जोडिएका जग्गाहरू | मूल सडक वडा नं. ६ सिमा देखि वडा नं. ९ सिमासम्म | | २०, ००, ०००।– | | |
| | २. | उप मूल सडकसँग जोडिएका जग्गाहरू | बागमती करिडोर सडक | | १६, ००, ०००।– | | |
| | ३. | सहायक पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | १०, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ८, ००, ०००।– | | |
| | ४. | भित्री पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ८, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ७, ००, ०००।– | | |
| | ५. | कच्ची मोटरबाटोसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ७, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ६, ००, ०००।– | | |
| | ६. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरू | | | ५, ००, ०००।– | | |
| | ७. | बाटो नभएका जग्गाहरू | | | ४, ००, ०००।– | | |

| वडा नं. | क्र. स. | जग्गाको विवरण | जग्गाको किसिम | प्रति रोपनी दर | प्रति आना दर | प्रति वर्ग मिटर दर | प्रति वर्गफिट दर |
|---|---|---|---|---|---|---|---|
| **९** | १. | मूल सडकसँग जोडिएका जग्गाहरू | मूल सडक वडा नं. ८ सिमादेखि वडा नं. ९ सिमा भगवती स्थानसम्म | | २०, ००, ०००।– | | |
| | २. | उप मूल सडकसँग जोडिएका जग्गाहरू | आरुबारी पानी खोल्सा सडक | | १६, ००, ०००।– | | |
| | ३. | सहायक पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | १०, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ८, ००, ०००।– | | |
| | ४. | भित्री पिच सडकसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ८, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ७, ००, ०००।– | | |
| | ५. | कच्ची मोटरबाटोसँग जोडिएका जग्गाहरू | १३ फिटदेखि २० फिटसम्म | | ७, ००, ०००।– | | |
| | | | ८ फिटदेखि १२ फिटसम्म | | ६, ००, ०००।– | | |
| | ६. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरू | | | ५, ००, ०००।– | | |
| | ७. | बाटो नभएका जग्गाहरू | | | ४, ००, ०००।– | | |

ग) **उल्लेखित घरको मूल्याङ्कन दर र जग्गाको मूल्याङ्कन दर नै नगरपालिकाले सिफारिस एवं प्रमाणित गर्दा तथा अन्य सवै प्रयोजनका लागि नगरस्तरीय मूल्याङ्कन आधार मानिनेछ ।**

घ) **सम्पत्ति करको दर र हिसाव प्रकृया :**

१) सम्पत्ति कर हिसावका लागि कायम हुने घडेरी जग्गा (रैकर र गुठी दुवैको हकमा):

घरको प्लीन्थ एरियाले) घरको जग तल्लाले ओगटेको जमिनको क्षेत्रफल) चर्चेको क्षेत्रफलको दोब्बर बराबर हुन आउने क्षेत्रफललाई घडेरी कायम हुनेछ तर प्लीन्थ एरियाको दोब्बर बराबर जग्गाको क्षेत्रफल नभएमा जति जग्गा छ त्यती नै घडेरी कायम गरिने छ।

२) कच्ची र पक्की टहराको प्लिन्थ एरिया बराबर मात्र सम्पत्ति कर प्रयोजनका लागि हिसाब गरिनेछ। तर व्यवसायीक टहराको हकमा प्लीन्थ एरियाको दोब्बर बराबर सम्पति कर मूल्याङ्कन हुनेछ।

३) विविध कारणले नक्सा पास नभएका घरहरूको समेत सम्पत्तिकर प्रयोजनका लागि मात्र यस ऐन अनुसार कर अशुल गरिने छ। यसरी सम्पत्ति कर लिदां त्यस्तो घर र जग्गाले कानुनी हैसियत प्राप्त गर्ने छैन।

४) स्थानिय सरकार संचालन ऐनको परिच्छेद ७ दफा ३८ (१) अनुसार स्वकृित लिई घर निर्माण गरेका तर सो अवधिमा सम्पन्न नभएका र समयभित्र म्याद थप समेत नगरी बसेका घरको सम्पत्तिकर प्रयोजनको लागि स्वीकृत लिएको मितिबाट आ.व.लाई समेत गन्ती गरि २ बर्ष सम्मलाई निर्माण सम्पन्न अवधि दिने र तेश्रो बर्षबाट कर असूली गरिनेछ।

५) नक्सा पास गर्दाको समय भन्दा बढि तला निर्माण गरेको वा कम तला निर्माण गरेको भएता पनि फिल्डमा प्राबिधिक निरिक्षणबाट निर्माण सम्पन्न लिदा देखिएको घरको आधारमा सम्पत्तिकर असुल गरिने छ।

**ङ) घर र जग्गाको कुल सम्पत्ति मूल्यमा सम्पत्ति कर असुल हिसाव :**

| क्र.स. | सम्पत्ति मूल्य | जम्मा मूल्य | दर प्रतिशत | कर रकम | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | पहिलो रु. ५० लाखमा | ५० लाख | एकमुष्ट | रु. ५००।– | ५००।– |
| २. | त्यसपछिको थप रु.५० लाखमा | १ करोड | ०.०३ प्रतिशत | रु. १, ५००।– | २, ०००।– |
| ३. | त्यसपछिको थप रु.१ करोडमा | २ करोड | ०.०८ प्रतिशत | रु. ८, ०००।– | १०, ०००।– |
| ४. | त्यसपछिको थप रु.२ करोडमा | ४ करोड | ०.१० प्रतिशत | रु. २०, ०००।– | ३०, ०००।– |
| ५. | त्यसपछिको थप रु.२ करोडमा | ६ करोड | ०.१५ प्रतिशत | रु. ३०, ०००।– | ६०, ०००।– |
| ६. | त्यसपछिको थप रु.२ करोडमा | ८ करोड | ०.२० प्रतिशत | रु. ४०, ०००।– | १, ००, ०००।– |
| ७. | त्यसपछिको थप रु.२ करोडमा | १० करोड | ०.२५ प्रतिशत | रु. ५०, ०००।– | १, ५०, ०००।– |
| ८. | त्यसपछिको थप जति भएपनी | ................ | ०.५० प्रतिशत | ................ | ................ |
| ९. | बक्यौतामा १५ प्रतिशत थप जरिवाना लाग्नेछ। | | | | |

**नोट :**

१) कुनैपनि करदाताको लगत प्रविष्टि गर्दा त्रुटी भइ व्यवसायीक भवन वा जग्गा मूल्याङ्कन फरक पर्न गई न्यून कर असूल भएको सन्दर्भमा त्यस्ता व्यवसायीक भवन वा जग्गाको आर्थिक बर्ष २०८०।०८१ को सालवसाली आर्थिक ऐनहरु बमोजिम पुन मूल्याङ्कन गरि बक्यौता सहित वाँकी सम्पत्ति करमा जरिवाना सहित असूल गरिनेछ।

२) यस अनुसूची बमोजिमको सम्पत्ति कर मूल्याङ्कन दर चालु आ.व.को श्रावण १ गतेबाट लागु हुने छ। अघिल्लो आ.व.हरुको हकमा साविक बमोजिमको प्रकृया अनुसार मूल्याङ्कन गरी सम्पत्ती कर असूल गरिनेछ।

अनुसूची (३)

दफा (४)सँग सम्बन्धित

# वहाल कर

गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, छप्पर, सेड, जग्गा, पोखरी र पार्क पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिइएकोमा बहाल अंकको १०% का दरले बहाल कर संकलन गरिनेछ। संगठित संघ संस्था, कम्पनी, कार्यालय, वैंक तथा वित्तिय संस्था, विद्यालय वा यस्तै प्रकृतिका अन्यले वहालमा वसे बापत बहाल रकम बुझाउँदा श्रोतमै अग्रिम बहाल कर कट्टि गरी दाखिला गर्नु पर्नेछ।

| क्र.सं. | विवरण | क्षेत्रहरु | बहाल करको दर |
|---|---|---|---|
| १ | नगर क्षेत्र भित्रका भवन तथा घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा, पोखरी आदि | संघसंस्था, कार्यालय, उद्योग, व्यवसाय प्रयोजनको लागि | १०% |
| २ | | आवास प्रयोजनको लागि | १०% |
| ३ | | शैक्षिक प्रयोजनको लागि | ५% |
| ४ | | कृषि प्रयोजनको लागि | ५% |
| नोट : घर पसल गोदाम वा जग्गा भाडा वा लिजमा दिनुपर्दा वा लिनुपर्दा प्रथम पक्ष (जग्गा वा घरधनी) र द्वितिय पक्ष (जग्गा, घर, कोठा लिने व्यक्ति वा संस्था) विचको संझौता वडा कार्यालयको प्रतिनिधिको रोहवरमा अनिवार्य गर्नेपर्ने छ र त्यसको एक प्रति वडा कार्यालयले लिइ अभिलेख राख्नुपर्नेछ। | | | |

**घर जग्गा बहाल कर निर्धारण प्रक्रिया :**

१) बहालमा दिएको मितिलाई आधार मानी नियमित बहाल रकममा मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ ।तर बैंङ्क प्रयोजन तथा आम्दानि प्रमाणित प्रयोजनको लागि घरजग्गा वहाल कर अशुलीमा त्रैमासिक, अर्ध वार्षिक र बार्षिक रुपमा गणना गरिने छ।

२) क्षेत्रगत आधारमा तोकिएको न्युनतम बहाल दरबाट नघट्ने गरी घरधनीले स्वयं घोषणा गर्न सक्नेछ र न्युनतम बहाल दर भन्दा बढी रकममा बहाल सम्झौता गरिएको छ भने सम्झौता बमोजिम घर जग्गा बहाल कर बुझाउनु पर्नेछ।

३) गोकर्णेश्वर नगरपालिका वडा नं. १, २, ३, ४ मा कृषि तथा पशुपालन व्यवसायको लागि भाडामा लिएको जग्गाहरूको मात्र वडा कार्यालयको रहोबरमा गरिएको जग्गा धनि र जग्गा भाडामा लिने बिचको सम्झौता पत्र अनुसार यस ऐनमा उल्लेखित दरमा जग्गा भाडाकर हिसाब गरिने छ।

४) ऐलानी/पर्ती जग्गामा बनेका घर तथा टहराहरूको भाडाकर लिइने छ। यसरी बहाल कर लिदां त्यस्तो घर र जग्गाले कानुनी हैसियत प्राप्त गर्ने छैन।

५) गोकर्णेश्वर नगरपालिकाको न्यूनतम मासिक घर जग्गा बहाल दर क्षेत्रगत रुपमा देहाय बमोजिम हुनेछ।

६) बहाल कर असूलीमा कोठाको क्षे.फ.मा विवाद भएमा प्राविधिक प्रतिवेदनको आधारमा असूल उपर गरिने छ।

७) वहाल संझौतामा प्रथम र द्वितिय पक्ष विच बहाल रकमको बहाल कर प्रथम पक्ष वा द्वितिय पक्ष विच कसले तिर्ने हो अनिवार्य उल्लेख हुने गरि शर्तनामा उल्लेख गर्नुपर्ने छ। उक्त शर्तनामा उल्लेख नभएमा वडा कार्यालयले रोहवरमा बसी प्रमाणित गर्न बाध्यहुने छैन।

८) यस नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम वहाल संझौतामा न्यूनतम बहाल रकम भन्दा कम हुनेगरि बहाल दर राख्न नहुने।

९) पुरानो वहाल संझौताको हकमा संझौतामा उल्लेख भएको रकम यस नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको न्युनतम बहाल दर भन्दा कम भएमा आर्थिक ऐन बमोजिमको दर अनुसार असूलउपर गरिने छ।

नोट : घर पसल गोदाम वा जग्गा भाडा वा लिजमा दिनुपर्दा वा लिनुपर्दा प्रथम पक्ष (जग्गा वा घरधनी) र द्वितिय पक्ष (जग्गा, घर, कोठा लिने व्यक्ति वा संस्था) विचको सम्झौता वडा कार्यालयको प्रतिनिधिको रोहवरमा अनिवार्य गर्नेपर्ने छ र त्यसको एक प्रति वडा कार्यालयले लिइ अभिलेख राख्नुपर्नेछ।

| क्र.स | क्षेत्रगत विवरण | न्युनतम मासिक बहाल दर | | कैफियत |
|---|---|---|---|---|
| | | व्यावसायीक प्रयोजन प्रति वर्ग फुट रू. | आवासिय प्रयोजन प्रति वर्ग फुट | |
| १ | **मुल सडक दायाँ बायाँ** | | | |
| | का.म.न.पा. ६ सिमाना देखि जोरपाटी चोक सम्म (वडा नं. ५ र ६) | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.३०।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | १००।– | | |
| | ख) जमिन तल्ला (सटर नभएको अन्य कोठाहरु) | ६०।– | | |
| | ग) पहिलो तल्ला | ६०।– | | |
| | घ) दोश्रो तल्ला | ३०।– | | |
| | ङ) टहरा | ५०।– | | |
| | च) जग्गा प्रति आना | ३०००।– | | |
| २ | **मुल सडक दायाँ बायाँ** | | | |
| | जोरपाटी चोक ओरालोदेखि नारायणटार पुल वारीसम्म (वडा नं. ५ र ६) | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.३०।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ९०।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | ५०।– | | |
| | ग) पहिलो तल्ला | ५०।– | | |
| | घ) दोश्रो तल्ला | ३०।– | | |
| | ङ) टहरा | ४०।– | | |
| | च) जग्गा प्रति आना | ३०००।– | | |
| ३ | **मुल सडक दायाँ बायाँ** | | | |
| | जोरपाटी चोक देखि सुन्दरीजल जाने सडक भगवती स्थान सम्म (वडा नं. ५, ६ ८ र ९) | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.२५।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ८०।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | ४०।– | | |
| | ग) पहिलो तल्ला | ५०।– | | |
| | घ) दोश्रो तल्ला | ३०।– | | |
| | ङ) टहरा | ३०।– | | |
| | च) जग्गा प्रति आना | ३०००।– | | |
| ४ | **आरुबारी सडक दायाँ बायाँ** | | | |
| | का.म.न.पा. ६ आरुबारी सिमा देखि भगवती स्थानसम्म | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.२५।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ७५।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | ४०।– | | |
| | ग) पहिलो तल्ला | ४०।– | | |
| | घ) दोश्रो तल्ला | २५।– | | |
| | ङ) टहरा | ३०।– | | |
| | च) जग्गा प्रति आना | २०००।– | | |

| क्र.स | क्षेत्रगत विवरण | न्युनतम मासिक बहाल दर | | कैफियत |
|---|---|---|---|---|
| | | व्यावसायीक प्रयोजन प्रति वर्ग फुट रू. | आवासिय प्रयोजन प्रति वर्ग फुट | |
| ५ | **बागमती करिडोर सडक दायाँ बायाँ** | | | |
| | क) जमिन तल्ला | ७५।– | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.२५।– | |
| | ख) पहिलो तल्ला | ४०।– | | |
| | ग) दोश्रो तल्ला | २५।– | | |
| | घ) टहरा | ३०।– | | |
| | ङ) जग्गा प्रति आना | २०००।– | | |
| ६ | **सहायक सडक दायाँ बायाँ** | | | |
| | का.म.न.पा. ६ वडा कार्यालय देखि अर्घौतेश्वर मन्दिर हुँदै बागमती करिडोर डम्ढीक सम्म, जोरपाटी माइक्रोस बस स्टप भित्रबाट अर्घौतेश्वरसम्म, नयाँवस्ती क्लव देवकोटा चोकदेखि बासुकी चोक हुँदै बागमती करिडोर गोठाटार जाने पुलसम्म, बराल पेट्रोल पम्पदेखि अर्घौतेश्वरसम्म, लामा पेट्रोल पम्पदेखि बागमती करिडोरसम्म, अरब बैंक किनी दोबाटोदेखि उत्तर भुवाल डाँडा का.म.न.पा.सिमासम्म, चामुण्डा स्कुलदेखि राई स्कुल सम्म, चामुण्डा गेटदेखिदेखि चामुण्डा मन्दिरसम्म, लामा पेट्रोल पम्प देखि उत्तर राजकुलो सडकसम्म, बराल पेट्रोल पम्पदेखि उत्तर सुन्दरटोल कार्पेट कारखानासम्म, दक्षिण ढोका चोकदेखि भैरव स्मृति पुस्तकालयसम्म, शिवचोदेखि ग्रिन हिल सिटीसम्म (वडा नं. ५, ६, ७, ८ र ९) नेपाल मेडिकल कलेज हुँदै आरुबारी जोड्ने सडक | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.२५।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ६०।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | ३५।– | | |
| | ग) पहिलो तल्ला | ३५।– | | |
| | घ) दोश्रो तल्ला | २५।– | | |
| | ङ) टहरा | २५।– | | |
| | च) जग्गा प्रति आना | १५००।– | | |
| ७ | **भित्री सहायक सडक दायाँ बायाँ** | | | |
| | वडा नं. ५, ६, ७, ८ र ९ का अन्य भित्री सडक, मोटरबाटो दायाँ बायाँ मा | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.१५।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ४०।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | २५।– | | |
| | ग) पहिलो तल्ला | २५।– | | |
| | घ) दोश्रो तल्ला | २०।– | | |
| | ङ) टहरा | २०।– | | |
| | च) जग्गा प्रति आना | १२००।– | | |

| क्र.स | क्षेत्रगत विवरण | न्युनतम मासिक बहाल दर | | कैफियत |
|---|---|---|---|---|
| | | व्यावसायीक प्रयोजन प्रति वर्ग फुट रू. | आवासिय प्रयोजन प्रति वर्ग फुट | |
| ८ | **वडा नं ५, ६, ७, ८ र ९ को भित्री वस्ती गोरेटो बाटोहरूमा** | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.१५।– | |
| | क) जमिन तल्ला | ३०।– | | |
| | ख) पहिलो तल्ला | २०।– | | |
| | ग) दोश्रो तल्ला | २०।– | | |
| | घ) टहरा | २०।– | | |
| | ङ) जग्गा प्रति आना | १०००।– | | |
| ९ | वडा नं. ५, ६, ७, ८ र ९ क्षेत्रका भित्री सडक र भित्री वस्ती गोरेटो बाटोहरूमा नाफा आर्जन गर्ने संस्था, कार्यालय आदी लाई पुरा घर बहालमा हुँदा | | प्रति वर्गफुट रु ३०।– | |
| १० | वडा नं. ५, ६, ७, ८ र ९ क्षेत्रका भित्री सडक र भित्री वस्ती गोरेटो बाटोहरूमा गैर नाफा मुलक संस्था, कार्यालय आदी लाई पुरा घर बहालमा हुँदा | | प्रति वर्गफुट रु १०।– | |
| ११ | **मुल सडक दायाँ बायाँ** | | | |
| | वडा नं. ४ गोकर्ण पुरानो गा.वि.स. भवन देखि नाम्गेल बस पार्क सम्म | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.२०।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ६०।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | | | |
| | ग) पहिलो तल्ला | ४०।– | | |
| | घ) दोश्रो तल्ला | २५।– | | |
| | ङ) टहरा | ३०।– | | |
| | च) जग्गा प्रति आना | २००।– | | |
| १२ | **सहायक सडक दायाँ बायाँ** | | | |
| | वडा नं. ४ का सहायक सडकहरूमा | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.२०।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ४०।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | २५।– | | |
| | ग) पहिलो तल्ला | २५।– | | |
| | घ) दोश्रो तल्ला | २०।– | | |
| | ङ) टहरा | २०।– | | |
| | च) जग्गा प्रति आना | २००।– | | |
| १३ | **वडा नं. ४ को भित्री वस्ती गोरेटो बाटोहरूमा** | | | |
| | क) जमिन तल्ला | २५।– | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.१५।– | |
| | ख) पहिलो तल्ला | २०।– | | |
| | ग) दोश्रो तल्ला | २०।– | | |
| | घ) टहरा | २०।– | | |
| | ङ) जग्गा प्रति आना | १००।– | | |

| क्र.स | क्षेत्रगत विवरण | न्युनतम मासिक बहाल दर | | कैफियत |
|---|---|---|---|---|
| | | व्यावसायीक प्रयोजन प्रति वर्ग फुट रू. | आवासिय प्रयोजन प्रति वर्ग फुट | |
| १४ | **मुल सडक दायाँ बायाँ** | | | |
| | वडा नं. ३ गोकर्ण देखि वडा कार्यालय चोक हुँदै घट्टबसपार्कसम्म | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.२०।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ४०।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | ३०।– | | |
| | ग) पहिलो तल्ला | २०।– | | |
| | घ) दोश्रो तल्ला | २०।– | | |
| | ङ) टहरा | २०।– | | |
| | च) जग्गा प्रति आना | १००।– | | |
| १५ | **वडा नं ३ वडा कार्यालय चोक देखि तारेभीर** | | | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ३०।– | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.१०।– | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | ३०।– | | |
| | ग) पहिलो तल्ला | १५।– | | |
| | घ) दोश्रो तल्ला | १५।– | | |
| | ङ) टहरा | १५।– | | |
| | च) जग्गा प्रति आना | २००।– | | |
| १६ | **वडा नं ३ भित्री गोरेटो बाटोहरूमा** | | | |
| | क) जमिन तल्ला | १५।– | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु. ७।– | |
| | ख) पहिलो तल्ला | १०।– | | |
| | ग) दोश्रो तल्ला | १०।– | | |
| | घ) टहरा | १०।– | | |
| | ङ) जग्गा प्रति आना | १००।– | | |
| १७ | **मुल सडक दायाँ बायाँ** | | | |
| | वडा नं २ भुमिस्थली देखी जम्बोत्तरी खोला पुरसम्म | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु. २०।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ५०।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | ३५।– | | |
| | ग) पहिलो तल्ला | ३५।– | | |
| | घ) दोश्रो तल्ला | २५।– | | |
| | ङ) टहरा | २५।– | | |
| | च) जग्गा प्रति आना | २००।– | | |

| क्र.स | क्षेत्रगत विवरण | न्युनतम मासिक बहाल दर | | कैफियत |
|---|---|---|---|---|
| | | व्यावसायीक प्रयोजन प्रति वर्ग फुट रू. | आवासिय प्रयोजन प्रति वर्ग फुट | |
| १८ | सहायक सडक दायाँ बायाँ | | | |
| | वडा नं २ का सहायक सडकहरूमा | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.१५।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ३५।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | २५।– | | |
| | ग) पहिलो तल्ला | २५।– | | |
| | घ) दोश्रो तल्ला | २०।– | | |
| | ङ) टहरा | २०।– | | |
| | च) जग्गा प्रति आना | १००।– | | |
| १९ | **कच्चि मोटर बाटो दायाँ बायाँ** | | | |
| | वडा नं. २ का कच्चि मोटर बाटोहरूमा | | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.१५।– | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ३०।– | | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | २०।– | | |
| | ग) पहिलो तल्ला | २०।– | | |
| | घ) दोश्रो तल्ला | १५।– | | |
| | ङ) टहरा | २०।– | | |
| | च) जग्गा प्रति आना | १००।– | | |
| २० | **वडा नं २ को भित्री बस्ती गोरेटो बाटोहरूमा** | | | |
| | क) जमिन तल्ला | २०।– | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.१०।– | |
| | ख) पहिलो तल्ला | १५।– | | |
| | ग) दोश्रो तल्ला | १५।– | | |
| | घ) टहरा | २०।– | | |
| | ङ) जग्गा प्रति आना | १००।– | | |
| २१ | **मुल सडक दायाँ बायाँ** | | | |
| | वडा नं १ जम्बोत्तरी खोला पुल देखि सुन्दरीजल बसपार्कसम्म | | | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ४०।– | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.२०।– | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | २५।– | | |
| | ग) पहिलो तल्ला | २५।– | | |
| | घ) दोश्रो तल्ला | २०।– | | |
| | ङ) टहरा | २०।– | | |
| | च) जग्गा प्रति आना | २००।– | | |

| क्र.स | क्षेत्रगत विवरण | न्युनतम मासिक बहाल दर | | कैफियत |
|---|---|---|---|---|
| | | व्यावसायीक प्रयोजन प्रति वर्ग फुट रू. | आवासिय प्रयोजन प्रति वर्ग फुट | |
| २२ | **सहायक सडक दायाँ बायाँ** | | | |
| | वडा नं १ का सहायक सडकहरूमा | | | |
| | क) जमिन तल्ला (सटर भएको कोठा) | ३०।– | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु.१५।– | |
| | ख) जमिन तल्ला (सटर भएको कोठासँग अलग अन्य कोठा) | २०।– | | |
| | ग) पहिलो तल्ला | २०।– | | |
| | घ) दोश्रो तल्ला | १५।– | | |
| | ङ) टहरा | २०।– | | |
| | च) जग्गा प्रति आना | १००।– | | |
| २३ | वडा नं १ भित्री बस्ती गोरेटो बाटोहरूमा | | | |
| | क) जमिन तल्ला | २०।– | जमिन तल्ला भन्दा माथीका तल्लाहरू रु. १०।– | |
| | ख) पहिलो तल्ला | १५।– | | |
| | ग) दोश्रो तल्ला | १५।– | | |
| | घ) टहरा | २०।– | | |
| | ङ) जग्गा प्रति आना | १००।– | | |
| २४ | वडा नं ४, ३, २ र १ क्षेत्रका भित्री सडक र भित्री वस्ती गोरेटो बाटोहरूमा नाफा आर्जन गर्ने संस्था, कार्यालय आदी लाई पुरा घर बहालमा हुँदा | प्रति वर्ग फुट २०।– | | |
| २५ | वडा नं ४, ३, २ र १ क्षेत्रका भित्री सडक र भित्री वस्ती गोरेटो बाटोहरूमा गैर नाफामुलक संस्था, कार्यालय आदी लाई पुरा घर बहालमा हुँदा | प्रति वर्ग फुट १०।– | | |
| **नोट : माथिको उल्लेखित कर तिर्नको लागि मालपोत कर भूमीकर र सम्पत्ती कर चुक्ता गरेको रसिद समावेस हुनुपर्ने** | | | | |

अनुसूची (४)

दफा (५)सँग सम्बन्धित

# व्यवसाय कर

| संकेत नं. | व्यवसाय विवरण | पूँजीको आधारमा वार्षिक दर्ता तथा नविकरण दर | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| **क) व्यापारिक वस्तु व्यवसाय** | | | | | | |
| १ | खुद्रा किराना पसल, | पाँच लाखसम्म | दश लाखसम्म | विस लाखसम्म | विस लाख भन्दा माथि | |
| | | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| २ | कोल्ड ड्रिङ्स पसल | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ३ | पान पसल | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ४ | दुग्ध सामाग्री विक्रि पसल | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ५ | चुरा, पोते तथा रिवन पसल | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ६ | धागो तथा टाँक पसल | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ७ | पुजा सामाग्री पसल | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ८ | फुल विरुवा नर्सरी | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ९ | तरकारी पसल | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| १० | थोक किराना पसल | पाँच लाखसम्म | दश लाखसम्म | पच्चीस लाखसम्म | पच्चीस लाख भन्दा माथि | |
| | | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ११ | तयारी कपडा पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १२ | थानको कपडा विक्रि पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १३ | भाँडा पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १४ | फलफूल तथा जुस पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १५ | चपल/जुत्ता पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १६ | कस्मेटिक पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १७ | कपी/किताव तथा स्टशनरी पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १८ | माछा/मासु पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १९ | हस्तकला/बस्तुकला/मुर्तिकला/क्यारीयो पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २० | प्लास्टिक सामान पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २१ | फेन्सी पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २२ | अण्डा व्यवसाय तथा सप्लार्यस | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २३ | रुद्राक्ष, मुगा जस्ता सामान बेच्ने पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |

| संकेत नं. | व्यवसाय विवरण | पूँजीको आधारमा वार्षिक दर्ता तथा नविकरण दर | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| २४ | ढक तराजु | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २५ | टिकट बुकिङ्ग काउन्टर | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २६ | टायर तथा लुब्रिकेशन बिक्री | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २७ | चश्मा पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २८ | चाट हाउस | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २९ | बधशाला | | | | | |
| ३० | दाना पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ३१ | कृषि विउविजन सम्बन्धि पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ३२ | खेलौना तथा उपचार बिक्री | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ३३ | कृषि औजार सामाग्री पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ३४ | कम्प्युटर तथा कम्प्युटर जन्य सामान विक्रि गर्ने पसल | पाँच लाखसम्म | दश लाखसम्म | पच्चीस लाखसम्म | पच्चीस लाख भन्दा माथि | |
| | | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ३५ | टि.भी., डेक सी.डी. प्लेयर, फ्रिज, इलेक्ट्रोनिक्स पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ३६ | मोबाइल सोरुम राखी विक्रि गर्ने पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ३७ | पर्दा/कार्पेट/तन्ना/कपडा पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ३८ | विद्युत सामान विक्री पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ३९ | ग्रिल पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ४० | साबुन तथा सरफ बनाउने उद्योग | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ४१ | हेलमेट बिक्री पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ४२ | चुरोट पसल, | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ४३ | एग्रोभेट पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ४४ | निर्माण सामान हार्डवयर पसल | विस लाखसम्म | पचास लाखसम्म | एक करोड सम्म | एक करोड भन्दा माथि | |
| | | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ४५ | सुनचाँदी पसल | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ४६ | पार्ट्स पसल | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ४७ | निर्माण सामाग्री डिपो | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ४८ | फर्निचर पसल | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ४९ | मार्वल तथा टायल | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ५० | ग्याँस डिपो | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ५१ | डाईक्लिनर्स | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ५२ | एक्युरियम विक्री पसल | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |

| संकेत नं. | व्यवसाय विवरण | पूँजीको आधारमा वार्षिक दर्ता तथा नविकरण दर | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| ५३ | साइकल विक्रि पसल तथा शोरुम | विस लाखसम्म | पचास लाखसम्म | एक करोड सम्म | एक करोड भन्दा माथि | |
| | | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ५४ | सिसा, प्लाई, पसल, चुकुल, छेस्किन पसल | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ५५ | वाथरुमको सामान, रंगरोगन, विजुलीका सामान, किचेन निर्माण सामाग्री | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ५६ | शिलबन्दि मदिरा/रक्सी पसल | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | १५, ०००।– | |
| ५७ | मार्ट, सपिङ्ग सेन्टर, सुपर मार्केट, ग्रोसरी, सपिङ्ग कम्प्लेक्स | | | | १५, ०००।– | |
| ५८ | पेट्रोल पम्प | | | | १५, ०००।– | |
| ५९ | मोटर साइकल विक्रि शोरुम, मोटर/बाईक पार्टस् पसल | | | | २०, ०००।– | |
| ६० | गाडी विक्रि शोरुम, अटो तथा पार्टस् सप्लायर्स | | | | ३०, ०००।– | |
| ६१ | सूचना तथा प्रविधि व्यवसाय | | | | १०, ०००।– | |
| ६२ | सवारी साधन टायर खुद्रा विक्रेता | | | | ७, ०००।– | |
| ६३ | डिलर (खाद्य, सिलबन्दी मदिरा, चिसो पिय पदार्थ तथा अन्य डिलर) | | | | १०, ०००।– | |

| ख) मर्मत तथा सेवा ब्यवसाय | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | फोटोकपी, कम्प्युटर टाइपीङ सेवा पसल, | पाँच लाखसम्म | दश लाखसम्म | विस लाखसम्म | विस लाख भन्दा माथि | |
| | | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| २ | साइकल मर्मत पसल | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ३ | जुत्ता मर्मत पसल, | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ४ | घडी मर्मत तथा विक्री पसल, | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ५ | कपडा सिलाई टेलर्स | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ६ | व्युटी पार्लर लेडिज/जेन्स | रु २, ०००। | रु ३, ००० | रु ७, ००० | रु १०, ०००।– | |
| ७ | लेडिज/जेन्स हेयर कटिङ सैलुन | रु २, ०००। | रु ३, ००१ | रु ७, ००१ | रु १०, ०००।– | |
| ८ | स्टोभ, ग्याँस चुल्हो, प्रेसर कुकर मर्मत पसल, | पाँच लाखसम्म | दश लाखसम्म | पच्चीस लाखसम्म | पच्चीस लाख भन्दा माथि | |
| | | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ९ | सामान्य फोटो स्टुडियो | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १० | ट्याटु व्यवसाय | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ११ | सिट कभर वनाउने तथा बिक्री | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १२ | हस्तकला/बस्तुकला/मुर्तिकला/क्यारीयो बनाउने | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |

| संकेत नं. | व्यवसाय विवरण | पूँजीको आधारमा वार्षिक दर्ता तथा नविकरण दर | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| १३ | बैण्ड बाजा | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १४ | कम्युनिकेशन सेवा तथा साइवर | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १५ | ड्राई क्लिनर्स | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १६ | डेक सी.डी. प्लेयर मर्मत पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १७ | मोवाइल मर्मत पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १८ | टायर रिपियरिङ्ग | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| १९ | सर्जिकल केमिकल सप्लायर्स | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २० | कलर ल्याव, ल्याव सहितको कार्यक्रमहरुको भिडियो बनाउने फोटो स्टुडियो, | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २१ | कम्प्युटर तथा कम्प्युटर जन्य सामान मर्मत पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २२ | टि.भी., मशिनरी सामान मर्मत पसल | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २३ | क्याटरिङ सर्भिस | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २४ | सर्टिङ शुटिङ टेलर्स | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २५ | रेफ्रिजेरेटर फ्रिज मर्मत | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| २६ | अन्य सेवा प्रदायक व्यवसाय | जतिसुकै पुंजी लगानी भएपनि | | | | |
| | | | | | ५, ०००।– | |
| २७ | क्याट्रिङ्ग | | | | ७, ०००।– | |
| २८ | सवारी साधन भाडामा लगाउने व्यवसाय | | | | ७, ०००।– | |
| २९ | मोटरसाइकल वर्कशप | | | | ७, ०००।– | |
| ३० | कार वास | | | | ७, ०००।– | |
| ३१ | सामान ढुवानी सेवा | | | | ७, ०००।– | |
| ३२ | गाडि मर्मत केन्द्र साना/ठुला | | | | १०, ००० ।– | |
| ३३ | आर्किटेक्ट, ड्र्इङ डिजाइन तथा ईन्जिनियरिङ कन्सल्टेन्सी, | | | | ७, ०००।– | |
| ३४ | भेइकल सर्भिस, | | | | १०, ०००।– | |
| ३५ | ट्रान्सपोर्ट | | | | १०, ०००।– | |
| ३६ | छापाखाना | | | | १०, ०००।– | |
| ३७ | सित भण्डार तथा गोदामघर | | | | १०, ०००।– | |
| ३८ | अथराईज डिलर, | | | | १०, ०००।– | |
| ३९ | काठ गोदाम | | | | १०, ०००।– | |
| ४० | पुराना मोटरसाईकल खरिद विक्री | | | | ७, ०००।– | |
| ४१ | पुराना गाडी खरिद विक्री | | | | १०, ०००।– | |
| ४२ | विद्युत्तिय सवारी चार्जिङ्ग स्टेसन | | | | ५, ०००।– | |

| संकेत नं. | व्यवसाय विवरण | पूँजीको आधारमा वार्षिक दर्ता तथा नविकरण दर | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| **ग) बिशेषज्ञ, परामर्श तथा अन्य सेवा ब्यवसाय** | | | | | | |
| १ | चिकित्सक सेवा | | | | ५, ०००।– | |
| २ | इन्जिनियर सेवा | | | | ५, ०००।– | |
| ३ | कानून व्यवसायी (ल फर्म) परामर्श सेवा | | | | ५, ०००।– | |
| ४ | लेखापरीक्षक सेवा | | | | ५, ०००।– | |
| ५ | दन्त चिकित्सक सेवा | | | | ५, ०००।– | |
| ६ | अनुसन्धानकर्ता सेवा | | | | ५, ०००।– | |
| ७ | प्रोग्रामर सेवा | | | | ५, ०००।– | |
| ८ | बीमा एजेन्ट सेवा | | | | ५, ०००।– | |
| ९ | सर्भेयर सेवा | | | | ५, ०००।– | |
| १० | अनुबादक सेवा | | | | ५, ०००।– | |
| ११ | नोटरी पब्लिक सेवा | | | | ५, ०००।– | |
| १२ | पशु चिकित्सक सेवा | | | | ५, ०००।– | |
| १३ | शेयर दलाल सेवा | | | | ५, ०००।– | |
| १४ | ब्यर्टिपार्लर सेवा | | | | ५, ०००।– | |
| १५ | कविराज सेवा | | | | २, ०००।– | |
| १६ | ओभरसियर सेवा | | | | २, ०००।– | |
| १७ | अन्य विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायीक सेवा | | | | २, ०००।– | |
| १८ | मसाज सेन्टर | | | | १०, ०००।– | |
| १९ | ईन्जिनियर सूचिकृत दस्तुर | | | | ५, ०००।– | |
| २० | जङ्गल सफारी | | | | १०, ०००।– | |
| २१ | टुर एण्ड ट्राभल एजेन्सी | दश लाखसम्म | विस लाखसम्म | पचास लाखसम्म | एक करोड सम्म | |
| | | ७, ०००।– | १०, ०००।– | १५, ०००।– | २०, ०००।– | |
| २२ | कुरियर सेवा | दश लाखसम्म | विस लाखसम्म | पचास लाखसम्म | एक करोड सम्म | |
| | | ५, ०००।– | ७, ५००।– | १०, ०००।– | १५, ०००।– | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **घ) उत्पादन मूलक उद्योग व्यवसाय** | | | | | | |
| १ | ठुला घरेलु उद्योग, | पाँच लाखसम्म | दश लाखसम्म | विस लाखसम्म | विस लाख भन्दा माथि | |
| | | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |

| संकेत नं. | व्यवसाय विवरण | पूंजीको आधारमा वार्षिक दर्ता तथा नविकरण दर | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | गलैचा वासिङ्ग | १, ०००।– | १, ५००।– | २, ५००।– | ५, ०००।– | |
| ३ | बेकरी उद्योग | पाँच लाखसम्म | दश लाखसम्म | पच्चीस लाखसम्म | पच्चीस लाख भन्दा माथि | |
| | | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ४ | नुडल्स, चिप्स, डेरी लगायत समान्य खाद्य समाग्री उद्योग, | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ५ | चियापत्ती उद्योग, | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ६ | खाद्यय सामाग्री उद्योग, | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ७ | उत्पादन तथा उपभोग्य सहकारी (कृषि, दुग्ध आदी) | १, ५००।– | २, ५००।– | ३, ५००।– | ७, ०००।– | |
| ८ | घरेलु कागज उद्योग, | विस लाखसम्म | पचास लाखसम्म | एक करोड लाखसम्म | एक करोड भन्दा माथि | |
| | | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ९ | कपी/किताव उद्योग | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| १० | नेपाली कागज उद्योग | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| ११ | फाईल तथा खाम उद्योग | ३, ५००।– | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | |
| १२ | हलुका पेयपदार्थ, आईस क्रिम उद्योग, चक्लेट उद्योग | पच्चीस लाखसम्म | पचास लाखसम्म | एक करोड लाखसम्म | एक करोड भन्दा माथि | |
| | | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | १५, ०००।– | |
| १३ | कुकिज, विस्कुट, चाउचाउ, मिनरल वाटर, पानी उद्योग, | ५, ०००।– | ७, ०००।– | १०, ०००।– | १५, ०००।– | |
